# नेपाल राष्ट्र बैंक

मुद्रा व्यवस्थापन विभाग

**रुपैयाँ ५०० दरको बैंकनोट प्रचलनमा ल्याउने बारेको सूचना**

यस बैंकले रुपैयाँ ५०० दरको साविककै आकार तथा रङ्गमा, सङ्केत नं. झ/३८ ०००००१ देखि ट/८३ ९९९९९९ सम्म भएको देहाय बमोजिमका विशेषताहरु भएको नोट सम्बत् २०८३ साल असार महिना ३ गते देखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**नोटको अग्र भागमा :**

१. नोटको मध्य खण्डमा "श्री नेपाल राष्ट्र बैंक, नेपाल सरकारको जमानत प्राप्त यसको रुपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैयाँ ५०० रुपैयाँ पाँच सय तुरुन्त पाइने छ ।" भन्ने प्रतिज्ञामूलक वाक्यांश उल्लेख भएको ।

२. नोटको बायाँतर्फ सगरमाथा हिमालको चित्र तथा दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको र तल्लो खण्डमा सिरिज नम्बर "वि.सं. २०८२" लेखिएको । साथै, पानीछापको बायाँतर्फ फरक क्षमता भएका (दृष्टिविहीन) हरुले स्पर्श गरेर नोटको दर पहिचान गर्नका लागि दुईवटा कालो थोप्लाहरु रहेका ।

३. सगरमाथा हिमालको दायाँतर्फ अण्डाकार आकृतिभित्र सीधा हेर्दा सुनौलो र ढल्काएर हेर्दा हरियो देखिने कुबेरको चित्र रहेको ।

४. नोटमा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको दस्तखत रहेको ।

५. नोटमा ३.५ मि.मी. चौडा भएको सीधा हेर्दा रातो र ढल्काएर हेर्दा हरियो देखिने सुरक्षण धागो रहेको ।

**नोटको पृष्ठ भागमा :**

१. नोटको मध्य खण्डमा पाटेबाघको चित्र र सोको माथि "NEPAL RASTRA BANK" लेखिएको ।

२. नोटको तल्लो खण्डमा "RUPEES FIVE HUNDRED" र सिरिज नम्बर "2025 A.D." लेखिएको ।

**पुनश्चः**

यस अघि मिति २०७८ साल पुस ९ गतेदेखि रुपैंया ५०० दर (Series २०२०) को बैंकनोट सङ्केत न. छ/३८ ०००००१ देखि झ/४२ ९९९९९९ सम्म चलनचल्तीमा ल्याइने भनी सूचना प्रकाशित गरिएकोमा सङ्केत न. छ/३८ ०००००१ देखि झ/३७ २४८००० सम्म मात्र चलनचल्तीमा ल्याइएको व्यहोरा सूचित गरिन्छ ।

मिति : २०८३-०३-०३

*"नोट राष्ट्रको सम्पत्ति हो, यसको जतन गरौं ।"*